# इस्मा गाउँपालिका

## स्थानीय राजपत्र

**खण्ड -८, संख्या -१४, पुष २८ गते, २०८१ साल**

**भाग – २**

# इस्मा गाउँपालिकाको ट्र्याक्टर र ट्र्याङ्कर सञ्चालन सम्बन्धी कार्यविधि, २०८१

**प्रस्तावनाः**

इस्मा गाउँपालिकाले विकास निर्माणको कार्य, फोहोरमैला व्यवस्थापनमा सहयोग पुऱ्याउनुका साथै आन्तरिक आयलाई प्रवर्द्धन गर्ने उद्देश्यका साथ ट्र्याक्टर र ट्र्याङ्कर खरिद गरिसकेको अवस्थामा यसको सञ्चालन र व्यवस्थापन कार्यका लागि ट्र्याक्टर र ट्र्याङ्कर सञ्चालन सम्बन्धी कार्यविधि आवश्यक परेको हुनाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरि यो ट्र्याक्टर र ट्र्याङ्कर सञ्चालन कार्यविधि, २०८१ स्वीकृत गरी लागु गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ:** १) यो कार्यविधिको नाम ट्र्याक्टर र ट्र्याङ्कर सञ्चालन कार्यविधि, २०८१ रहने छ।

२) यो कार्यविधि गाउँकार्यपालिकाको बैठकबाट स्वीकृत भई प्रमाणीकरण भएको मिति देखि लागु हुनेछ।

**२. परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(१) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ।

(२) "गाउँपालिका" भन्नाले इस्मा गाउँपालिकालाई सम्झनु पर्दछ।

(३) "कार्यपालिका" भन्नाले इस्मा गाउँपालिका कार्यपालिकालाई सम्झनु पर्दछ ।

(४) 'गाउँसभा' भन्नाले इस्मा गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्दछ ।

(५) "अध्यक्ष" भन्नाले इस्मा गाउँपालिका अध्यक्षलाई सम्झनु पर्दछ ।

(६) "गाउँ कार्यपालिका" भन्नाले इस्मा गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनुपर्दछ ।

(७) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले इस्मा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(८) "प्राविधिक" भन्नाले इस्मा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत इन्जिनियर, सब इन्जिनियर र अ.सब इन्जिनियरलाई सम्झनु पर्दछ ।

(९) "जिन्सी शाखा" भन्नाले इस्मा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको जिन्सी शाखालाई सम्झनु पर्दछ ।

(१०) "जिन्सी शाखा" भन्नाले इस्मा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको जिन्सी शाखालाई सम्झनु पर्दछ ।

(११) "कार्यालय" भन्नाले इस्मा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(१२) "ट्र्याक्टर र ट्र्याङ्कर " भन्नाले इस्मा गाउँपालिकाले सञ्चालनमा ल्याएको ट्र्याक्टर र ट्र्याङ्कर लाई सम्झनुपर्दछ ।

(१३) "ट्र्याङ्कर" भन्नाले आगलागी नियन्त्रण तथा अन्य प्रयोजनका लागि पानी बोक्न ट्र्याक्टर र ट्र्याङ्कर मा जडान गरी प्रयोग गरिने पानी ट्र्याङ्करलाई सम्झनुपर्दछ ।

**३. ट्र्याक्टर र ट्र्याङ्कर सञ्चालन:** व्यक्ति, टोल विकास समिति र निर्माण व्यवसायी मार्फत सञ्चालन हुने विकास निर्माणका कार्यहरुमा ढुवानी तथा कृषकहरुको खेतबारी जोत्ने प्रयोजनको लागि गाउँपालिकाको ट्र्याक्टर र ट्र्याङ्कर तथा ट्र्यांकर परिचालन हुने छ ।

क) ट्र्याक्टर र ट्र्यांकर परिचालनको भाडादर आर्थिक कार्यविधिमा तोके बमोजिम हुने छ ।

ख) गाउँपालिका भित्रका कृषक तथा लघु उद्यमीहरुले उत्पादन गरेका कुनै वस्तु तथा सामग्री गाउँपालिकाको बजारसम्म ढुवानीको लागि कुनै शुल्क लाग्ने छैन ।

ग) आगलागी नियन्त्रण, पानीको आपूर्ति तथा अन्य पानी आवश्यक पर्ने कार्यहरुमा ट्र्याक्टर र ट्र्याङ्कर मा ट्र्यांकर जडान गरी परिचालन गरिने छ ।

घ) विपद व्यवस्थापन तथा गाउँपालिकाको कार्यालयमा आउन पहुँच मार्गमा धेरै धुलो भई सडक नजिकको बस्ति धुलाम्य हुने अवस्था भएमा र मानव सवारी साधन आवत जावतमा समस्या पर्ने

अवस्था देखिएमा गाउँपालिका अध्यक्षको आदेशमा ट्र्याक्टर र ट्र्याङ्कर मा ट्र्यांकर जडान गरी नि:शुल्क परिचालन गरिने छ।

ङ) इस्मा गाउँपालिका भित्रका विभिन्न सडकहरुमा वर्षा यामको समयमा बनेका खाल्डाहरुको फिलिङ तथा सोको व्यवस्थापनको कार्य र विपद्जन्य अवस्थामा गाउँपालिकाको सम्बन्धित बजेट शिर्षक बाट खर्चको व्यवस्थापन हुने गरी गरिनेछ।

च) ट्र्याक्टर र ट्र्याङ्कर परिचालन गाउँपालिका अध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृतको तोक आदेशमा मात्र परिचालन हुने छ।

**४. ट्र्याक्टर र ट्र्याङ्कर भाडामा दिन सकिने सम्बन्धी प्रकृया:** १) इस्मा गाउँपालिकामा रहेको ट्र्याक्टर र ट्र्याङ्कर तथा पानी ट्र्याङ्कक भाडामा लिन चाहने कुनै पनि व्यक्ति तथा संस्थाले देहायको प्रकृया पुरा गरि ट्र्याक्टर र ट्र्याङ्कर भाडामा लैजान सक्नेछ।

२) सम्बन्धित व्यक्ति तथा संस्थाले इस्मा गाउँकार्यपालिकाको कार्यालयमा कामको विवरण तथा अवधि तोकी निवेदन दिनुपर्नेछ।

३) गाउँपालिकाको राजश्व शाखामा तोकिएको भाडादर अनुसारको शुल्क तिरेको रसिद पेश गर्नुपर्नेछ।

४) यसै अनुसार ट्र्यांकर पनि भाडामा दिन सकिने छ।

**५. ट्र्याक्टर र ट्र्याङ्कर सञ्चालन कोषको व्यवस्थापन:** क) भाडामा ट्र्याक्टर र ट्र्याङ्कर सञ्चालन वापत प्राप्त भएको आम्दानी रकमलाई गाउँपालिकाको आन्तरिक आम्दानी कोषमा दाखिला गरि उक्त आम्दानी रकमको छुट्टै लेखा राख्नुपर्नेछ।

२) ट्र्यांकर सञ्चालन वापत प्राप्त भएको आम्दानीलाई दफा (५) को उपदफा (क) मा अनुसार नै हुनेछ।

**६. ट्र्याक्टर र ट्र्याङ्कर को मर्मत संभार:** १) इस्मा गाउँपालिकाको ट्र्याक्टर र ट्र्याङ्कर कुनै व्यक्ति वा संस्थाले भाडामा लगेको अवस्थामा विग्रीएमा वा मर्मत सम्भार गर्नुपर्ने भएमा सोको मर्मत संभार गर्नुपर्ने दायित्व गाउँपालिकाको रहनेछ।

२) ट्र्याक्टर र ट्र्याङ्कर को मर्मत सम्भार वापतको खर्च इस्मा गाउँपालिकाको सवारी मर्मत संभार खर्च शिर्षकबाट बेहोरीनु पर्नेछ।

**६. ट्र्याक्टर र ट्र्याङ्कर सञ्चालन समिति:** १) ट्र्याक्टर र ट्र्याङ्कर सञ्चालन व्यवस्थापन र सोको अनुगमन गर्न देहायका पदाधिकारीहरु रहेको ट्र्याक्टर र ट्र्याङ्कर सञ्चालन व्यवस्थापन तथा अनुगमन समिति रहनेछ

क) अध्यक्ष: गाउँपालिका अध्यक्ष

ख) सदस्य: उपाध्यक्ष

ग) सदस्य: प्रमुख प्रशासकीय अधिकृत

घ) सदस्य: कार्यपालिका सदस्यहरु मध्येबाट २ जना महिला सहित ३ जना

ङ) सदस्य सचिव: वन वातावरण तथा विपद व्यवस्थापन शाखा प्रमुख

**७. भाडादर संशोधन सम्बन्धी व्यवस्था:** १) इस्मा गाउँपालिकाको ट्र्याक्टर र ट्र्याङ्कर भाडामा लगाईएको भाडादरमा संशोधन गर्नुपर्ने भएका ट्र्याक्टर र ट्र्याङ्कर सञ्चालन समितिले संशोधित भाडादर कायम गरी गाउँकार्यपालिकाको बैठकमा पेश गर्ने र सो भाडादर कार्यपालिकाको बैठकबाट स्विकृत भएमा शंशोधित भाडादर लागु गर्न सकिनेछ।

**८. ट्र्याक्टर र ट्र्याङ्कर  चालक नियुक्ति सम्बन्धी व्यवस्था:** १) देहायको योग्यता पुगेको व्यक्तिलाई ट्र्याक्टर र ट्र्याङ्कर  चालकको रुपमा सेवा करारमा प्रतिस्पर्धाको आधारमा छनौट गरी नियुक्त गरिनेछ।

क) रितपुर्वक ट्र्याक्टर र ट्र्याङ्कर चालक अनुमति पत्र लिएको।

ख) ट्र्याक्टर र ट्र्याङ्कर चालकको रुपमा न्युनतम ३ वर्षको अनुभव भएको।

ग) कम्तिमा २० वर्ष उमेर पुरा भई ५० वर्ष ननाघेको।

घ) एस इ इ वा सो सरह उत्तिर्ण गरेको।

**९. ट्र्याक्टर र ट्र्याङ्कर  चालकको मासिक तलव भत्ता सम्बन्धी व्यवस्था:** १) ट्र्याक्टर र ट्र्याङ्कर चालकको मासिक तलव करार सम्झौतामा निर्धारण गरे बमोजिम हुनेछ।

२) ट्र्याक्टर र ट्र्याङ्कर चालकले उपदफा (१) बमोजिम पाउने तलव बाहेक काममा खटिएको दिन प्रति दिन रु ३५० र खनजोतको कार्यमा खटिदा प्रति घण्टा रु ५० का दरले थप भत्ता उपलब्ध गराईनेछ।

**१०. अवकाश दिन सकिने:** १) आफ्नो पदको जिम्मेवारी पुरा नगरेको अवस्थामा ट्र्याक्टर तथा ट्र्याङ्कर चालकलाई गाउँकार्यपालिकाको कार्यालयको निर्णयबाट जुनसुकै वखत पदबाट हटाउन सकिनेछ।

**११. ट्र्याक्टर र ट्र्याङ्कर  चालकको आचार संहिता:** (१) ट्र्याक्टर र ट्र्याङ्कर  चालकले देहाएका आचार संहिताको पालना गर्नु पर्नेछ।

क) ट्र्याक्टर र ट्र्याङ्कर सञ्चालन कार्यविधि २०८१ को पूर्ण रुपमा परिपालना गर्नुपर्नेछ।

ख) आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा ईमान्दारिता र विश्वसनियतालाई कायम गर्दै आफ्नो पेशाको मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न पाइने छैन।

ग) मादक पदार्थ सेवन गरि ट्र्याक्टर र ट्र्याङ्कर चलाउन पाइने छैन।

घ) प्रचलित कानुनको पालना गर्नुपर्नेछ ।

**१२. विविध:**

क) ट्याक्टर र ट्याङ्कर सञ्चालनको प्रक्रियामा कुनै बाधा, द्विविधा उत्पन्न भएमा सोको सहजिकरण कार्यपालिकाले गर्नेछ ।

**प्रमाणीकरण मितिः २०८१।०९।२८**

**आज्ञाले,**
**विवेक रणपाल परियार**
**प्रमुख प्रशासकीय अधिकृत**